२०६५ साल माघ ३ गते रोज ६ का दिन ११.३० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा अल्पसूचनाको आधारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. बर्ड फ्लु महामारी रोकथाम तथा नियन्त्रण विषयको कृषि तथा सहकारी मन्त्रालयको नं.५।३३-०६५।१०।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. राष्ट्रिय विद्युत संकट निरूपण कार्ययोजना, २०६५ अन्तर्गत सरकारी कार्यालयको विद्युत खपतमा मितव्ययिता अपनाउने कार्यक्रमलाई कार्यान्वयन गर्न सबै सार्वजनिक कार्यालयहरुमा देहाय बमोजिमको व्यवस्था तत्काल लागू गर्ने -

   (क) CFL, LED चिमको प्रयोग गर्ने ।

   (ख) इलेक्ट्रिकल हिटर र एअरकण्डिसनरको प्रयोग नगर्ने ।

   (ग) अत्यावश्यक देखिएका स्थानहरुमा मात्र बत्ती प्रयोग गर्ने ।

*द्रष्टव्य: निर्णयसंग सम्वन्धित अन्य विवरण आवश्यक परेमा सम्वन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*